# नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रवन्ध निर्देशक नियुक्ति सिफारिस सम्बन्धी कार्यविधि, २०७५

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५।८।१७ को निर्णयानुसार गठित नेपाल दूरसञ्चार कम्पनी लिमिटेडमा रिक्त प्रवन्ध निर्देशक पदमा नियुक्तिको लागि सिफारिस गर्न नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रवन्ध निर्देशकको नियुक्ति र सेवा सुविधा सम्बन्धी निर्देशिका (दोश्रो संशोधन सहित), २०७२ को बुँदा ३ को खण्ड ३.१ बमोजिम गठित सिफारिस समितिले देहाय बमोजिमको कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रवन्ध निर्देशक नियुक्ति सिफारिस सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

(क) "मन्त्रालय" भन्नाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ख) "कम्पनी" भन्नाले नेपाल दूरसञ्चार कम्पनी लिमिटेड सम्झनु पर्दछ ।

(ग) "कार्यविधि" भन्नाले नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रवन्ध निर्देशक नियुक्ति सिफारिस सम्बन्धी कार्यविधि, २०७५ सम्झनु पर्दछ।

(घ) "समिति" भन्नाले नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५।८।१७ को निर्णयानुसार गठित नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रवन्ध निर्देशकको नियुक्ति सिफारिस गर्न गठित छनौट समिति सम्झनु पर्दछ।

(ङ) "निर्देशिका" भन्नाले नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रवन्ध निर्देशकको नियुक्ति र सेवा सुविधा सम्बन्धी निर्देशिका (दोश्रो संशोधन सहित), २०७२ लाई बुझाउने छ ।

**३.समितिको कार्यहरुः** समितिले कम्पनीको प्रवन्ध निर्देशक नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिम कार्य गर्नेछ ।

(क) नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रवन्ध निर्देशक नियुक्ति सिफारिस सम्बन्धी कार्यविधि, २०७५ तयार गरि स्वीकृत गर्ने

(ख) कम्पनीको प्रवन्ध निर्देशक पदको नियुक्तिका लागि सिफारिस गर्न दरखास्त माग गर्ने।

(ग) प्राप्त हुन आएका आवेदनहरुको सूची तयार गरी प्रमाणीत गर्ने ।

(घ) आवेदकहरुको शैक्षिक योग्यता र कार्य अनुभवको छानविन गरी रीत बमोजिम आवेदकहरुको सूची मन्त्रालयको वेभसाइटमा प्रकाशन गर्ने ।

(ङ) सूचीमा परेका आवेदकहरुको व्यावसायिक कार्ययोजना, शैक्षिक योग्यता र अनुभवको मूल्याङ्कन गर्ने ।

(च) त्यसरी सूचीमा परेका आवेदकहरुको अन्तर्वार्ताका लागि मिति र समय तय गरी सम्बन्धितलाई जानकारी गराउने ।

(छ) निर्देशिका बमोजिम उम्मेदवारको नाम नियुक्तिको लागि मन्त्रालय समक्ष सिफारिस गर्ने।

(ज) समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार सम्बन्धित विज्ञलाई आमन्त्रण गर्न सक्ने ।

(झ) समितिको सचिवालयको रुपमा मन्त्रालयको संस्थान समन्वय शाखाले कार्य गर्ने ।

४. **<u>दरखास्त माग गर्ने</u>**: कम्पनीको प्रवन्ध निर्देशकको पदमा उम्मेदवार सिफारिसका लागि दरखास्त माग गर्दा देहाय बमोजिम माग गर्नु पर्नेछ ।

(१) उम्मेदवार बन्न आवश्यक शैक्षिक योग्यता, कार्य अनुभव र उमेर निर्देशिकाको बुँदा ५, ६ र ७ बमोजिम हुनु पर्नेछ ।

(२) कम्पनीको प्रवन्ध निर्देशक पदको नियुक्तिको लागि उम्मेद्वारहरुबाट व्यावसायिक कार्ययोजना सहितको दरखास्त पेश गर्न समितिले १२(बाह्र) दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिका र मन्त्रालयको वेभसाइटमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्रकाशन भएकोमा योग्यता पुगेको ब्यक्तिले देहायको विवरण खुलाई नोटरी पब्लिकबाट प्रमाणित कागजात सहित मन्त्रालय समक्ष दरखास्त दिन सक्नेछ ।

(क) नियुक्त हुन चाहेको व्यहोरा खुल्ने दरखास्त,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) व्यक्तिगत विवरण (Bio- data)

(घ) निवेदकले प्राप्त गरेका शैक्षिक योग्यताका प्रमाण पत्रको प्रतिलिपि (विदेशी शैक्षिक संस्थाको योग्यता भए समकक्षताको प्रमाणपत्र समेत),

(ङ) अनुभव खुल्ने प्रमाणपत्रको प्रतिलिपि (अधिकृत स्तरमा प्रत्येक तह/श्रेणीको अवधि खुल्ने गरी),

(च) अग्रेजी वा नेपाली भाषामा **A4 Size** को कागजमा तयार गरिएको बढीमा ५ पृष्ठको शिलबन्दी ब्यावसायिक कार्ययोजना (निर्देशिका बमोजिमको ढाँचामा),

(छ) दरखास्त दिने पदसँग सम्बन्धित अन्य कुनै कागजात भए सो को प्रतिलिपि,

(ज) हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति र

(झ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र नलिएको वा छाडेको स्वःघोषणा ।

(४) उम्मेदवारले पेश गरेको व्यावसायिक कार्ययोजनामा देहायका विषयहरु समावेश भएको हुनुपर्नेछः-

(अ) कम्पनीको भावी रणनीतिक योजना (Future Strategic Plan)

(आ) कम्पनीको परिचय तथा विद्यमान कार्यसञ्चालनको अवस्था (Performance Status with time series data)

(इ) कम्पनी विद्यमान अवस्थामा पुग्नाको कारणहरुको पहिचान तथा विश्लेषण (Identification and analysis of the reasons behind the status of given performance)

(ई) कम्पनीको विद्यमान अवस्थामा देखिएका समस्या, कमी कमजोरी, अवसर र अध्ययन तथा विश्लेषण (SWOT Analysis)

५. **<u>दरखास्त उपर छानविन र उम्मेदवारहरुको सूची प्रकाशन:</u>**(१) समितिले प्राप्त गरेका दरखास्तहरु निर्देशिका बमोजिम भए नभएको छानबिन गर्नेछ ।

(२) समितिले योग्यता पुगेका उम्मेदवारहरुको सूची दरखास्त दिने अन्तिम म्याद सकिएको मितिले ३ (तीन) दिन भित्र प्रकाशन गर्नेछ ।

६. **<u>उम्मेदवारको मूल्याङ्कनको आधार र अङ्कभार:</u>** (१) बुँदा ५ को सूचीमा परेका उम्मेदवारको मूल्याङ्कनका आधार र अंङ्कभार देहाय बमोजिम हुनेछ ।

(क) व्यावसायिक कार्ययोजना ( Business Development Plan) वापत देहाय बमोजिम बढीमा - ६० अङ्क

(अ) कम्पनीको भावी रणनीतिक योजना (Future Strategic Plan) - २५ अङ्क

(आ) कम्पनीको परिचय तथा विद्यमान कार्यसञ्चालनको अवस्था (Performance Status with time series data) -५ अङ्क

(इ) कम्पनी विद्यमान अवस्थामा पुग्नाको कारणहरुको पहिचान तथा विश्लेषण (Identification and analysis of the reasons behind the status of given performance) - १० अङ्क

(ई) कम्पनीको विद्यमान अवस्थामा देखिएका समस्या, कमी कमजोरी, अवसर र अध्ययन तथा विश्लेषण (SWOT Analysis) -२० अङ्क

(ख) न्यूनतम शैक्षिक योग्यता बापत -१० अङ्क

(ग) अनुभवः वरिष्ठ अधिकृत वा व्यवस्थापकीय पदमा काम गरे बापत प्रत्येक वर्षको १.५ अङ्कका दरले वढीमा १२ अङ्क र नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको वरिष्ठ अधिकृत वा व्यवस्थापक पदमा काम गरे वापत प्रत्येक वर्षको ०.५ अङ्कका दरले वढीमा -३ अङ्क -१५ अङ्क

(घ) अन्तर्वार्ता बापत बढीमा -१५ अङ्क

(२) व्यावसायिक कार्ययोजना वापतको अंक समितिका संयोजक तथा सदस्यहरुले व्यक्तिगत रुपमा दिई औषत गणना गरी प्राप्तांक कायम गर्नु पर्नेछ ।

७. **<u>नियुक्तिको लागि सिफारिश गर्ने</u> :** समितिले माथि बुँदा ६ बमोजिम मूल्याङ्कन गरी चारवटै आधारहरुको अङ्क जोड गर्दा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने बढीमा ३ (तीन) जना उम्मेदवारको नाम वर्णानुक्रमानुसार नियुक्तिको लागि मन्त्रालय समक्ष सिफारिस गर्नेछ ।

८. **<u>बैठक सम्बन्धी व्यवस्था:</u>** बैठकमा कुनै बिषयमा सदस्यहरुमा मतभेद भएमा बहुमतका आधारमा निर्णय गरिनेछ ।